# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष),
०२४-४१००४९
मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल


प.सं.: २०७४/०७५
च.नं.

मिति : २०७४/०८/१४

विषय :- **विज्ञप्ती** ।

स्थानीय सरकारको गठन भई कार्य सञ्चालन भईरहेको सम्पूर्ण याङवरकवासी जनतामा अवगत नै छ । भर्खरै गठन भएको सरकार भएको हुँदा सवल, सक्षम, प्रभावकारी रुपमा कार्य गर्न केहि समय गुजार्न आवश्यक छ । सरकार सञ्चालनको लागि केहि सकारात्मक कदमहरु चालिरहेको अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भई खानेपानी तथा सेवाको व्यवस्थापन र जलाधार संरक्षण समेत गाउँपालिकाको क्षेत्राधिकार भित्र रहने व्यवस्था छ । खानेपानीको समग्र, समुचित विकासको लागि स्थानीय सरोकारवाला निकायहरु विच समन्वय र सहकार्य गरि कार्य अगाडि बढाउन गाउँ सभाबाट कार्यक्रम स्वीकृत भएको व्यहोरा अवगत नै छ । विगत केहि दिन देखि ऐतिहासिक ५२ मौलो निशान मन्दिर परिसरवाट गाउँ कार्यपालिकाको कार्यालय र स्वास्थ्य चौकी थर्पुको लागि स्थानीय प्रतिनिधिमुलक सरोकारवालाको उपस्थितिमा मौखिक सहमति भई सार्वजनिक सूचना सम्प्रेषण गरि अस्थायी रुपमा मिति २०७४/०९/१५ गते सम्मको लागि 20 mm 10 $kg/cm^2$ को H.D.P.E. पाइप जडान गरि उक्त संस्थाले केहि राहत महशुस गरिरहेको अवस्थामा केहि दिन देखी पानी आपुर्ति नभएकोमा के कति कारणले नभएको भनि खोजतलासको क्रममा मिति २०७४/०९/१४ गते स्थलगत मुचुल्का उठाउँदा H.D.P.E. पाइपको ३७ मिटर देखि ११४ मिटर वीचको भाग करीव ७७ मिटर टुक्रयाई हराएको देखिएकोले यस कार्यलाई पाईप काटेको हराएको मात्र नभई स्थानीय सरकारलाई खुलेआम चुनौती दिईएको देखिन्छ । स्थानीय सरकार संग चित नबुझे मौखिक वा लिखित गुनासो राख्ने व्यवस्था हुँदा हुँदै पनि यस किसिमले भएको घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको सर्वसाधारण सबैमा जानकारी गराइन्छ । यस्तो गैर जिम्मेवार कार्यलाई तत्काल निरुत्साहित गर्नको लागि ७ (सात) सदस्यीय खोजतलास समिति गठन भएकोले उक्त समितिका जो कोहि सदस्य र गाउँपालिकाका पदाधिकारी समक्ष लिखित वा मौखिक जानकारी गराई दोषी उपर प्रचलित नेपाल सरकार तथा याङवरक गाउँपालिका कानुन वमोजिम कारवाही गर्न गराउन स्थानीय प्रशासन सवैमा यसै विज्ञप्ती मार्फत अनुरोध गरिन्छ ।

२०७४/०८/१४

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत